# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल


प.स ०८१।८२
च.नं.

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।०५।१८

## वर्षिम घासँको बिउको माग गर्ने सम्बन्धी १५ दिने सूचना ।

श्री सम्बन्धित पशुपालक कृषक सवै ।
रामग्राम नगरपालिका, परासी,नवलपरासी(ब.सु.प.) ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब. २०८१।८२ को वार्षिक कार्यकम अनुसार हिउँदे घासँको बिउ वर्षिम ७५ प्रतिशत अनुदानमा नगरका पशुपालक कृषकहरुलाई वितरण गर्ने कार्यक्रम रहेकाले तपसिल अनुसारको कागजात संलग्न राखी आफूलाई आवश्यक पर्ने घासँको बिउको परिमाण खुलाई १५ दिन (मिति २०८१।०६।०१ गते) भित्र यस कार्यालयको पशुपन्छी विकास शाखामा माग निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र माग निवेदन पेश नगर्ने कृषकलाई घासँको बिउ उपलब्ध गराईने छैन । थप जानकारीका लागि यस कार्यालयको पशुपन्छी विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

..................

तपसिल :
१) कार्यालयले तोकेको ढाँचामा निवेदन थान-१
२) नागरिकताको प्रतिलिपी थान-१
३) पशु फर्म दर्ता भए सो को प्रमाण पत्रको प्रतिलिपी थान-१
४) जगगाको स्वामित्व देखिने कागजातको प्रतिलिपी थान-१

पुनश्च: माग सम्बन्धी निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

०८१।५।१९
यम बहादुर कुवँर
प्रमुख प्रशासकीय अधिकृत

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प.स ०८१।८२
च.नं. ५४४

मिति : २०८१।०५।१८

विषय : सूचना पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।
रामग्राम नगरपालिका
परासी, नवलपरासी(ब.सु.प.) ।

प्रस्तुत विषयमा पशुपन्छी विकास कार्यक्रम सन्चालन कार्यविधि, २०७८ मा व्यवस्था रहे अनुसार हिउँदे घासँको बिउ वर्षिम (७५% अनुदान) वितरण सम्बन्धी मिति २०८१।०५।१८ मा प्रकाशित माग निवेदन संकलन गर्ने सम्वन्धी १५ दिने सूचना थान १ यसै पत्र साथ संलग्न रहेको छ । संलग्न सूचनाबाट व्यहोरा अवगत गर्नुभई इच्छुक पशुपालक कृषकलाई यस कार्यालयको पशुपन्छी विकास शाखामा माग निवेदन पेश गर्न सूचित गरिदिनुहुन अनुरोध छ ।

०८१।०५।१८

डा.सुमित सिंह जि.सी.
पशु चिकित्सक

परासी नेपाल, फोन नं. :.......................... फ्याक्स .......................
ईमेल : municipalityramgram@gmail.com वेभसाइट : www.ramgrammun.gov.np

## निवेदनको ढाँचा

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

मितिः ......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय

परासी,नवलपरासी(ब.सु.प) ।

विषय : माग निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................... का दिन प्रकाशित सुचना अनुसार म/हामी निवेदकले **हिउँदे घासँको बिउ (बर्षिम) वितरण ७५% अनुदान** कार्यक्रममा सहभागी हुनका लागि योग्य रहेकाले सूचनामा माग गरे अनुसार तपसिलका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । साथै लागत सहभागिता २५% बापतको रकम तिर्न मन्जुर रहेको छ ।

| क.स. | पालन गरेको पशु संख्या | | | आवश्यक घासँको बीउ(केजीमा) | कैफियत |
|---|---|---|---|---|---|
| | गाईभैसी | पाडापाडी/बाच्छाबाच्छी | अन्य | | |
| १ | | | | | |

निवेदकः

नामः

ठेगानाः

फार्मको नामः

दस्तखतः

सम्पर्क नंः